# बारागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खोरवा, बारा
मधेश प्रदेश, नेपाल
स्थापित २०७३

पत्र संख्या : ०७८/०७९

चलानी नं. : ६३०

मिति :- २०७९/ ०१ / ०४

**सुचना । सुचना । सुचना ।**

**विषय :- धान उत्पादन प्रवर्द्धन कार्यक्रममा सहभागिता सम्बन्धमा ।**

**प्रथम पटक सुचना प्रकाशित मिति २०७९/०१/०४**

प्रस्तुत विषयमा चालु आ.व. २०७८/०७९ को यस बारागढी गाउँपालिकामा बाली विकास तथा जैविक विविधता सँरक्षण केन्द, हरिहभवन बाट प्राप्त शसर्त कार्यक्रम अन्तर्गत " **धान उत्पादन प्रवर्द्धन कार्यक्रम"** यस बारागढी गाउँपालिकाको मिति २०७८/१२/०७ कार्यपालिका बैठकको निर्णयअनुसार निर्धारण गरिएका तपसिलको कलष्टर अन्तर्गतका वडाहरुमा रहेका कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुले तपसिलका कार्यक्रमहरुमा लागत सहभागिताका लागि यो सुचना प्रकाशित मितिले **१५ (पन्ध्र) दिन अथवा मिति २०७९/०१/१९ गते** भित्र तपसिल बमोजिमका कागजात सँलग्न राखि रितपुर्वक प्रत्येक कार्यक्रमका लागि छुट्टाछुट्टै आवेदन पेश गर्नु हुन सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुलाई जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल :-**

**क. कलष्टर अन्तर्गतका वडाहरु :- वडा नं. ३, ५ र ६**

**ख. कार्यक्रमहरु :-**

| सि.न. | कार्यक्रमहरुको नाम | | विवरण |
|---|---|---|---|
| १. | धानको बीउ | ( ५० % अनुदान) | स्वर्ण सब- १, सावा मँसुली, सावित्रि |
| २. | चार्जर स्प्रेयर | ( ५० % अनुदान) | कम्तिमा ५ कठ्ठा जग्गा हुनुपर्ने |
| ३. | स्यालो टयूबेल जडान | ( ८५ % अनुदान) | कम्तिमा ३ विघा खेतियोग्य जग्गा हुनुपर्ने |
| ४. | सुक्ष्म तत्व जिङ्क | ( ५०% अनुदान) | आवश्यक जग्गाको लालपुर्जा |

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु :-**

१ कार्यालयले उपलब्ध गराएको फर्मेटमा निबेदन फारम

२ सम्बन्धित वडा कार्यालयको सिफारिस ।

३. निवेदक किसानको नागरिता प्रमाणपत्र प्रतिलिपी ।

४. खेति गर्ने जग्गाको लालपुर्जा प्रतिलिपी वा अरुको जग्गाको हकमा करार सम्झौता पत्र वा मजुरनामाको प्रतिलिपि ।

५. स्यालो टयूबेल जडानको हकमा व्यक्तिगतको लागि ३ विघा जग्गा हुनुपर्ने अथवा उपभोक्तको हकमा कृषि सिचाई उपभोक्ताको निर्णय तथा जग्गा विवरण फारम ।

६ कृषक समुह/ कृषि सहकारी / कृषक उद्यमी हकमा दर्ता प्रमाण पत्र, तथा पान नं.,करचुक्ता को प्रतिलिपि ।

७ कृषक समुह/ कृषि सहकारी / कृषक उद्यमीको हकमा क्षेत्रफल खुल्ने गरि विउ माग सम्बन्धि निर्णयको प्रतिलिपि ।

**बोधार्थ :-**

सुचना प्रविधि शाखा ।
सुचना वेबसाइटमा अपलोड गरिदिनु हुन ।

२०७९/०१/०४

.....................................
आमोद चौधरी
(प्रमूख प्रशासकिय अधिकृत)

Website :-www.baragadhimun.gov.np